नेपाल नागरिक उड्डयन प्राधिकरण
त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय
गौचर, काठमाडौं
कर्पोरेट महाशाखा
फोन नं : ०१-४११३०३३, एक्सटेन्सन नं : २४९७/४०१५

# Public Canteen सञ्चालन गर्ने सम्बन्धी खुला बोलपत्र आव्हानको सूचना

(सूचना प्रकाशित मितिः २०८२/०८/०३ गते)

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयको एयर कार्गो कम्प्लेक्स परिसरको ५२ वर्गमिटर क्षेत्रफलको Public Canteen सञ्चालनको लागि ५(पाँच) वर्ष अवधिको न्यूनतम ठेक रकम रु.६०,४०,७८६।०० (अक्षरुपीःसाठी लाख चालिस हजार सात सय छयासी रुपैया) कायम गरी बढाबढ प्रक्रियाद्धारा ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले सम्बन्धित निकायबाट क्याफे/होटल/रेष्टुरेण्ट/चमेनागृह/क्याटरिङ सेवा सम्बन्धी कारोबार गर्न इजाजत प्राप्त गरेका इच्छुक संस्था/फर्म/कम्पनीले निम्न शर्तहरुको अधीनमा रही बोलपत्र पेस गर्न सकिनेछः ।

**शर्तहरु :**

१. बोलपत्रसाथ देहायका कागजातहरु संलग्न हुनुपर्नेछ । कार्यालयले मागेको बखत आफुले पेस गरेको प्रतिलिपिको सक्कल कागजातहरु पेस गर्नुपर्नेछ ।

(क) फर्म/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको हकमा प्रबन्धपत्र र नियमावलीको प्रतिलिपि,

(ख) PAN/VAT दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ग) आर्थिक वर्ष २०८१/२०८२ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,वा आय विवरण पेश गरेको प्रमाण पत्र वा म्याद थप भएको प्रमाण पत्र ।

(घ) व्यवसाय सञ्चालन गर्ने काम कारबाहीमा भाग लिन अयोग्य नभएको, आफूले यस सम्बन्धमा सजाय नपाएको वा कालोसूचीमा नपरेको भनी लिखित रुपमा गरेको स्वघोषणापत्र,

(ङ) सम्पूर्ण सञ्चालकहरुको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

(च) स्वीकृत आय अनुमान(न्यूनतम ठेक रकम) को ५% ले हुने धरौटी/बोलपत्र जमानत रकम रु.३,०२,०४०/- Civil Aviation Authority of Nepal TIA को नाममा राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, गौचर, काठमाडौं शाखामा रहेको धरौटी खाता नंम्बर १६९०१००००००७०००१ मा जम्मा गरेको सक्कल बैंक भौचर वा सो रकम बराबरको यस कार्यालयको नाममा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क वर्गको वाणिज्य बैंकबाट जारी भएको सिलबन्दी बोलपत्र खोल्ने मितिले कम्तिमा १८० दिन मान्य अवधि भएको सक्कल बैंक ग्यारेन्टी (Bid Bond) पेश गर्नुपर्नेछ,।

(छ) बोलपत्र प्रक्रियामा सहभागिता जनाउने सम्बन्धमा भएको फर्म/कम्पनीको सञ्चालक समितिको निर्णय र बोलपत्र सम्बन्धि कागजातमा हस्ताक्षर गर्न प्राप्त अख्तियारीनामा पत्र, साझेदारी(Joint Venture) भए साझेदारी करारपत्र(Partnership Deed)को प्रमाणित प्रतिलिपि तथा प्रत्येक साझेदार सञ्चालकहरुको नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

२. दाखिला गर्ने बोलपत्रको खाम सिलबन्दी गरी खाम बाहिर कुन विषयको बोलपत्र हो, सो स्पष्ट खुलाई श्री त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय, कर्पोरेट महाशाखालाई सम्बोधन गरी कर्पोरेट महाशाखामा दर्ता गराउनुपर्नेछ ।

३. बोलपत्रको दररेट भर्दा अंक रअक्षर दुवैमा लेखिएको हुनुपर्नेछ ।अंकरअक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

४.रीत नपुगी, म्याद नाघी, शर्त राखी वा तोकिएको कागजात पेस भई नआएको बोलपत्र उपर कुनै कारबाही गरिने छैन ।

५.बोलपत्र मान्य हुने अवधि बोलपत्र पेश गर्ने अन्तिम मितिबाट ९० दिन सम्मको लागि हुनेछ । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ ।

६.सेवा सञ्चालन गर्नको लागि एयर कार्गो भवन परिसरको ५२ वर्गमिटर क्षेत्रफलको चमेनागृह सञ्चालकलाई उपलब्ध गराइनेछ । कार्यालयलाई हाल सञ्चालनमा रहेको Public Canteen रहेको स्थान आवश्यक परेमा परिवर्तन गरी अन्य स्थान तोक्नसक्नेछ । छनौट भएको बोलपत्रदाताले तोकिएको स्थानमा अनिवार्य रुपमा आफ्नै खर्चमा हालको चमेनागृहको संरचनालाई Renovation गरी आकर्षक र मजबुत बनाउनुपर्नेछ । सम्झौता भएको मितिले ५(पाँच) दिनभित्र सो कार्यको Drawing/Design यस

कार्यालयमा पेस गरी कार्यालयको स्वीकृति पश्चात निजले संरचना Renovate गर्ने कार्य गर्नुपर्नेछ र सम्पन्न भएपछि सोको लिखित जानकारी यस कार्यालयलाई दिनुपर्नेछ। कार्यालयले उक्त संरचनाको अनुगमन गरी सो सम्बन्धमा कुनै सुझाव, निर्देशन दिएमा बोलपत्रदाताले सोको कार्यान्वयन गर्नुपर्नेछ । तत् पश्चात मात्र बोलपत्रदाताले सेवा सञ्चालनमा ल्याउन पाउनेछ । बोलपत्रदातालाई सम्झौता भएको मितिदेखि ४५(पैतालिस) दिनको तयारी म्याद दिइनेछ। तयारी म्याद समाप्त भए पश्चात बहाल रकम र सम्झौताको अवधि गणना गरिनेछ। सम्झौता अवधि समाप्त भए पश्चात उक्त Renovate कार्य गर्दा प्रयोग भएका सम्पूर्ण सामाग्रीहरु दोस्रो पक्षले १५ दिनभित्र हटाई लैजान पाउनेछ। अन्यथा सो सामाग्रीहरु समेत कार्यालयको हुनेछ। सो उपर थप उजुरबाजुर गर्न पाईने छैन। बहालमा लिएको स्थान प्रयोग गर्ने क्रममा फर्म/कम्पनीको लापरबाहीबाट कार्यालयको भौतिक संरचनामा कुनै क्षति भएमा सो सम्पूर्ण क्षतिको क्षतिपूर्ति कार्यालयलाई तिर्नुपर्नेछ।

७ दोस्रो वर्षदेखि प्रत्येक वर्ष बहाल रकममा नेपाल राष्ट्र बैंकले निर्धारण गरेको मूल्यवृद्धि सूचकांकको अनुपातमा स्वतः वृद्धि हुनेछ र सोही अनुरुप कायम हुन आउने बहाल रकम बुझाउनुपर्नेछ।

८. पब्लिक क्यान्टिन सेवा सञ्चालनको ठेक्का अवधि ५(पाँच) वर्षसम्मको लागि मात्र हुनेछ । बहाल रकम भुक्तानीका लागि ३ महिनाको एक किस्ता हुनेछ र किस्ता रकम अग्रिम रुपमा किस्ता शुरु हुनु अगावै कार्यालयको तोकिएको खातामा दाखिला गर्नुपर्नेछ। किस्ता रकम दाखिला पश्चात लिखित पत्र सहित सक्कल बैंक भौचर कार्यालयको कर्पोरेट महाशाखामा पेस गर्नुपर्नेछ। तोकिएको समयभित्र किस्ता रकम दाखिला नगरेमा धरौटी/कार्यसम्पादन जमानतबाट कट्टा गरी किस्ता रकमको हिसाब मिलान गरिनेछ। यसरी हिसाब मिलान गर्दा धरौटी/कार्यसम्पादन जमानतमा कमी हुन आएमा कमी हुन आएको रकम जम्मा गरेर मात्र सेवा सञ्चालन गर्नुपर्नेछ। पुरै धरौटी/कार्यसम्पादन जमानत रकम जम्मा नभएको खण्डमा सेवा सञ्चालनमा रोक लगाइनेछ। सम्झौताअनुसार तोकिएको अवधिभित्र किस्ता रकम भुक्तानी नगरेमा विमानस्थल सेवा शुल्क नियमावली, २०७८ बमोजिम सेवा सञ्चालनमा रोक लगाई सञ्चालक र फर्म/कम्पनीलाई कालोसूचीमा राखी बाँकी बक्यौता रकम सरकारी बाँकी सरह क्यान्टिन सञ्चालकको जायजेथाबाट असुल उपर गरिनेछ।

९.कार्यालय र फर्म/कम्पनी बीच भएको सम्झौता अनुसारको बहाल रकमको त्रैमासिक किस्ता भुक्तानी गर्दा प्रचलित नियमानुसार कर बापतको रकम नेपाल सरकारको सम्बन्धित राजस्व खातामा दाखिला गरी सोको सक्कल भौचर र बाँकी रकम नेपाल नागरिक उड्डयन प्राधिकरण (Civil Aviation Authority of Nepal) को नाममा राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, गौचर, काठमाडौं शाखामा रहेको चल्ती खाता नंम्बर १६९०१००००००११००६ मा दाखिला गरेको सक्कल बैंक भौचर कार्यालयमा पेस गर्नुपर्नेछ। सो बाहेक नेपाल सरकारलाई कुनै कर बुझाउनुपर्ने भनी तोकिएको ठेक्का कर, आयकर तथा मूल्य अभिवृद्धि कर र पछि कुनै कर दस्तुर तिर्नुपर्ने तथा लाग्ने भएमा सो समेत फर्म/कम्पनीले नै बुझाउनुपर्नेछ। विमानस्थल सेवा शुल्क नियमावली, २०७८ को नियम ३१(३) बमोजिम सम्झौतामा उल्लेखित सबै शुल्कहरु तोकिएको समयमै भुक्तानी नगरेमा म्याद भुक्तान भएको मितिले साठीदिनसम्म प्रतिदिन शुन्य दशमलव शुन्य पाँच प्रतिशतका दरले विलम्ब शुल्क लाग्नेछ र साठी दिनपछि विलम्ब शुल्कसहितको बक्यौता रकममा वार्षिक पन्ध्र प्रतिशतका दरले ब्याज समेत थप गरी असूल गरिनेछ।

१०.चमेनागृहमा नेपाल नागरिक उड्डयन प्राधिकरणका कर्मचारीलाई २५(पच्चीस) प्रतिशत छुटमा चमेनागृहको सम्पूर्ण सेवा उपलब्ध गराउनुपर्नेछ।

११.क्यान्टिन सेवा सञ्चालन गर्न पाएको क्षेत्रमा सञ्चालकले अन्य कुनै उत्पादक वा संस्थाको विज्ञापन राख्न पाइने छैन। फर्म/कम्पनीले प्रयोग गर्ने स्थानमा कार्यालयले तोकिदिएको प्राविधिकको उपस्थितिमा आफ्नै खर्चमा सबमिटर जडान गर्नुपर्नेछ। फर्म/कम्पनीले सेवा सञ्चालन गर्दा प्रयोग हुने विद्युत, टेलिफोन, पानी तथा इन्टरनेट सेवा शुल्कको हकमा विमानस्थल सेवा शुल्क नियमावली, २०७८ को नियम २७ को अनुसूची २४ बमोजिम भुक्तानी गर्नुपर्नेछ। विद्युत, टेलिफोन, पानी तथा इन्टरनेटको प्रयोग गरे बापत कार्यालयले उपलब्ध गराएको बिल बमोजिमको शुल्क बिल प्राप्त भएको मितिले ७ (सात) दिनभित्र भुक्तानी गर्नुपर्नेछ।

१२. सुरक्षा निकायबाट प्राप्त सुरक्षा सम्बन्धी निर्देशन तथा कार्यालयले समय-समयमा दिएको निर्देशनहरु सञ्चालकले निःशर्त र अनिवार्य रुपमा पालना गर्नुपर्नेछ। क्यान्टिन सेवा सञ्चालन गरेको स्थान वरिपरि सधैं सफा र आकर्षक बनाई राख्नुपर्नेछ। उक्त स्थानबाट निस्कने फोहरजन्य पदार्थहरु एक ठाउँमा जम्मा पारी निर्दिष्ट स्थानमा लगेर आफ्नै खर्चमा फोहोर व्यवस्थापन गर्नुपर्नेछ। बहालमा लिइएको स्थानमा कानूनद्वारा निषेधित काम कारबाही गर्न र खतरनाक, विष्फोटक वा अन्य प्रज्वलनशील वस्तु वा पदार्थहरु राख्न पाइनेछैन। उक्त स्थानमा आवश्यकताअनुसार अग्नि निवारक (Fire Extinguisher) को व्यवस्था अनिवार्य रुपमा गर्नुपर्नेछ। पब्लिक क्यान्टिन सञ्चालन गर्दा लापरवाहीबाट विमानस्थल ना.उ.का. वा अन्य कसैको सम्पत्ति क्षति भएमा क्यान्टिन सञ्चालकले सम्पूर्ण क्षतिको क्षतिपूर्ति तिर्नुपर्नेछ । चमेनागृह सञ्चालकले संरचनाको साथै तोकिएको स्थानमा राख्ने सामानहरुको बीमाको व्यवस्था, आकस्मिक परिस्थिति एवम् अन्य प्रकारको बीमा अनिवार्य रुपमा गरी सोको जानकारी कार्यालयलाई दिनुपर्नेछ। चमेनागृहको सेवा अपरेशन अवधिभर सञ्चालन गर्नुपर्नेछ। सेवा सञ्चालन सम्बन्धी जानकारी तथा मूल्यसूची तोकिएको क्षेत्रमा सबैले देख्ने गरी टाँस गर्नुपर्नेछ। वस्तु तथा सेवाको बिक्री मूल्य प्रचलित नेपाल सरकारको कानून बमोजिम हुनेछ।

१३. देहाय बमोजिम नभएका बोलपत्र उपर कुनै कारबाही हुनेछैनः

क) तोकिएको समयभित्र दाखिला हुन नआएको,

ख) सिलबन्दी भई नआएको,

ग) तोकिएको धरौटी रकम दाखिला नगरेको वा बैंक ग्यारेन्टी रकम कम भएको वा तोकिएको मान्य अवधि पूरा नभएको,

घ) बोलपत्र पेस गर्ने आधिकारिक फर्म/कम्पनीको दस्तखत र छाप नभएको,

ङ) कार्यालयबाट बिक्री भएको बोलपत्र फारम भरी नआएको,

च) बोलपत्रमा शर्त राखी पेस भएको,

छ) बोलपत्रको शर्त नम्बर १ मा उल्लेख भए बमोजिम कागजातहरु पेस नभएमा ।

१४. प्राप्त भएका बोलपत्रहरुमध्ये मूल्यांकन समितिबाट अधिकतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिएको बोलपत्र छनौट गर्ने सम्बन्धी ७ दिनको आशयको सूचना प्रकाशन गरिनेछ । आशयको सूचनामा तोकिएको समयभित्र कुनै पनि फर्म/कम्पनीबाट उजुरी प्राप्त नभएमा छनौट भएको बोलपत्र स्वीकृत गरिनेछ । त्यसपछि निजलाई सम्झौता गर्न आउन भनी १५ दिनको म्याद दिइनेछ । छनौट भएको बोलपत्रदाता १५ दिनभित्र सम्झौता गर्न नआएमा निज बोलपत्रदाताको धरौटी/बैंक जमानत(Bidbond) जफत गरी प्रचलित ऐन, कानून बमोजिम कालोसूचीमा राखी निजपछि छनौट भएको दोस्रो, तेस्रो क्रमानुसारका बोलपत्रदाताको बोलपत्र स्वीकृत गरी ठेक्का सम्झौता गरिनेछ । प्रथम त्रैमासिक किस्ता रकम भुक्तानी र कबोल रकमको २५% ले हुन आउने रकमको धरौटी/कार्यसम्पादन जमानत पेस गरेपश्चात मात्र सम्झौता गरिनेछ ।
विमानस्थल सेवा शुल्क नियमावली २०७८ को नियम ४४(३) बमोजिम बोलपत्रदाताले सम्झौताको समयमा कुल ठेक्का रकमलाई वार्षिक किस्ता कायम गरी प्रत्येक वर्षको एकमुष्ट अग्रिम भुक्तानी गर्न मन्जुर गरेमा त्यस्तो अग्रिम भुक्तानी रकममा पाँच प्रतिशतसम्म छुट दिइनेछ ।

१५. चमेनागृह सेवा सञ्चालनको लागि आवश्यक सामाग्री/उपकरणहरु फर्म/कम्पनीले आफ्नै खर्चमा व्यवस्था गर्नुपर्नेछ । आफ्ना सामग्री/उपकरणहरुको सुरक्षा लगायत जिम्मा सञ्चालक स्वयम्‌को हुनेछ । सो स्थानबाट चमेनागृह सेवा सञ्चालन गराउने व्यवस्था हुनुपर्नेछ । यस्तो सेवा अपरेशन अवधिभर सञ्चालन गर्नुपर्नेछ । सेवा सञ्चालन सम्बन्धी जानकारी आफ्नो क्षेत्रमा सबैले देख्ने गरी टाँस गर्नुपर्नेछ । उक्त स्थानबाट तोकिएको कार्य बाहेक अन्य कुनै कार्य गर्न पाइने छैन ।

१६. बोलपत्र फारम भर्दा ईमेल सहितको पूरा ठेगाना भर्नुपर्नेछ । उक्त e-mail ठेगानामा पठाएका सूचना एवम् चिठीपत्रहरु क्यान्टिन सञ्चालकले कानूनी रुपमा बुझेको मानिनेछ ।

१७. बोलपत्र सम्बन्धी कागजातमा नपरेका विषयहरुको हकमा नेपाल नागरिक उड्डयन प्राधिकरण सम्बन्धी ऐन, नियम, विमानस्थल सेवा शुल्क नियमावली, २०७८ तथा प्रचलित ऐन, कानून बमोजिम हुनेछ ।

१८. सम्झौता अवधिमा विमानस्थल सेवा शुल्क नियमावली, २०७८ मा कुनै संशोधन भएमा संशोधित व्यवस्था लागू हुनेछ । यसरी संशोधन हुँदा शुल्क/दस्तुरमा परिवर्तन आएमा परिवर्तित दस्तुर लागू हुनेछ ।

१९. बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भएका शर्तहरु सम्झौतामा समावेश हुनेछन् । यस बोलपत्रमा नपरेका अन्य कुनै शर्त थप्नु परेमा ठेक्का सम्झौतामा थपिनेछ ।माथि बमोजिमका सम्पूर्ण शर्तहरु मञ्जुर छन् ।